आज मिति २०८१ साल भाद्र ३१ गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री गोविन्द भट्टराई | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | प्रशासन शाखा प्रमुख | |
| २ | रेकम पोखेल | लेखापाल | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | भिषण घर्ती | सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समिक्षा सम्बन्धमा ।
२. चालु आ.व.को योजना सञ्चालन सम्बन्धमा ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट बाँडफाँड सम्बन्धमा ।
४. वडागत सूचीकृत बेरोजगार व्यक्ति निर्धारण सम्बन्धमा ।
५. वाख्रा पकेट विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा ।
६. अध्ययन विदा सम्बन्धमा ।
७. आवधिक योजना निर्माणका लागि अपुग वजेट सुनिश्चिता सम्बन्धमा ।
८. सुनिलस्मृति गाउँपालिकाको कृषक समुह गठन तथा परिचालन निर्देशिका, २०८१ स्वीकृत सम्बन्धमा ।
९. विज्ञापन वोर्ड व्यवस्थापन सम्बन्धमा ।
१०. विविध छलफल सम्बन्धमा ।

## २०८१ भाद्र ३१ गते बसेको तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका वैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला वैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | चालु आ.व.को योजना सञ्चालन सम्बन्धमा । | चालु आ.व.मा स्वीकृति योजनाहरु तत्काल सञ्चालन गर्न आवश्यक रहेको । | चालु आ.व.का लागि स्वीकृत वार्षिक कार्यक्रमहरु तत्काल सञ्चालन गर्ने भएको हुदाँ वोलपत्र/उपभोक्ता समिति/कोटेशन मार्फत गर्ने योजना तथा कार्यक्रमहरु ७ (सात) दिन भित्र सबै वडाहरुबाट गाउँपालिकामा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट बाँडफाँड सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वजेट बाँडफाँड गर्न आवश्यक देखिएको । | चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकार र आई.डि.ए. प्राप्त रकमको आवश्यकता अनुसार बाँडफाँड गरि सञ्चालन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ४ | वडागत सूचीकृत वेरोजगार व्यक्ति निर्धारण सम्बन्धमा । | वडागत रुपमा सूचीकृत वेरोजगार व्यक्तिहरुबाट वेरोजगार व्यक्तिहरुको निर्धारण गर्न आवश्यक रहेको । | वडागत रुपमा सूचिकृत व्यक्तिहरुको संख्याको आधारमा क्रमश : १ नं. वडाबाट ७, २ नं. वडाबाट २, ३ नं. वडाबाट ९, ४ नं. वडाबाट १२, ५ नं. वडाबाट १२, ६ नं. वडाबाट ९, ७ नं. वडाबाट १७ र ८ नं. वडाबाट ७ जना वेरोजगार व्यक्तिहरु छनौट गरी तत्काल गाउँपालिकामा सिफारिस गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | वाख्रा पकेट विकास कार्यक्रमको वडा छनौट सम्बन्धमा । | नेपाल सरकार-शसर्त अनुदान तर्फ आ.व. २०८१/०८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालनका लागि वडा छनौट गर्न आवश्यक देखिएको । | नेपाल सरकार-शसर्त अनुदान तर्फ आ.व. २०८१/०८२ मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालनका लागि विनियोजित रु १५०००००।- (अक्षरुपी पन्ध्र लाख)बाट बाख्रा पकेट कार्यक्रम सञ्चालनका गर्न वडा नं.१ र २ लाई छनौट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | अध्ययन विदा सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका वडा नं. ४ मा कार्यरत सहायक स्तर चौथो (वडा सचिव) तिर्सना विष्टले अध्ययन पूर्व स्वीकृती गरिपाउँ भनि निवेदन दिएको । | यस गाउँपालिका वडा नं.४ मा कार्यरत सहायक स्तर चौथो (वडा सचिव) तिर्सना विष्टले मिति २०८१/०५/१४ का दिन अध्ययन पूर्व स्वीकृती गरिपाउँ भनि निवेदन दिएको हुदाँ निवेदक तिर्सना विष्टलाई अध्ययन विदाको लागि पूर्व स्वीकृति प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | आवधिक योजना निर्माणका लागि अपुग वजेट सुनिश्चिता सम्बन्धमा । | आवधिक योजना निर्माणका लागि अपुग वजेटको सुनिश्चितता गर्न आवश्यक रहेको । | आवधिक योजना निर्माणका लागि चालु आ.व.मा स्वीकृत १५ लाख वजेट अपुग रहेको हुदाँ रु २० लाख भित्र रही लागत अनुमान तयार गर्ने अपुग रकम आगामी सभाबाट रकमान्तर गरी सुनिश्चितता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ८ | सुनिलस्मृति गाउँपालिकाको कृषक समुह गठन तथा परिचालन निर्देशिका, २०८१ स्वीकृत सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिकाको कृषक समुह गठन तथा परिचालन निर्देशिका, २०८१ लाई स्वीकृत गर्न आवश्यक देखिएको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिमा छलफल स्वीकृतका लागि गाउँ कार्यपालिकामा सिफारिस भई आएको सुनिलस्मृति गाउँपालिकाको कृषक समुह गठन तथा परिचालन निर्देशिका, २०८१ लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | विज्ञापन बोर्ड व्यवस्थापन सम्बन्धमा । | गाउँपलिका क्षेत्रभित्र रहेका विज्ञापन प्रयोजनका लागि राखिएका वोर्डहरुले अस्तव्यस्त बनाएको हुदाँ उक्त वोर्डहरुलाई व्यवस्थापन गर्न आवश्यक रहेको । | गाउँपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा विज्ञापनका लागि राखिएका होडिङ बोर्डहरुलाई व्यवस्थापन गर्नका लागि सम्बन्धित विज्ञापन दाताहरुलाई सो वोर्डहरुको व्यवस्थापन गर्न १५ दिने सार्वजनिक सूचना जारी गर्ने र सो अवधिमा समेत विज्ञापन वोर्डहरु नहटाए वा व्यवस्थापन नगरे नगर प्रहरी परिचालन गरि उक्त वोर्डहरुको व्यवस्थापन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| १० | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>क) योजना संशोधन सम्बन्धमा । | क) लुम्वीनि प्रदेश सरकार समपुरक अनुदान तर्फको जनज्योति मा.वि. मोटरबाटो आर.सि.सि. वडा नं. ६ लाई संशोधन गरी जनज्योति मा.वि. बाटो आर.सि.सि. वडा नं. ६ कायम गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) कार्यपालिका वैठक सम्बन्धमा । | ख) विशेष अवस्था बाहेक हरेक महिनाको २५ गते भन्दा अगाडि कार्यपालिका बैठक बस्ने व्यवस्था मिलाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) सुहान दर्ताको नाम संशोधन सम्बन्धमा । | ग) यस गाउँपालिका वडा नं. ३ मा रहेको मिझिङ-२,९ खानेपानी तथा सरसफाई उ.स. स्किम नं. ३ दर्ता हुने पर्नेमा खारा खोला खन्नेचौर-दाईबाङ खा.पा.उ.स. दर्ता हुन गएको भनि मिति २०८१/०५/२५ गते ३ नं. वडा कार्यालयको सिफारिस, मिति २०८१/५/२३ गतेको उपभोक्ता समितिको निर्णय प्रतिलिपी सहित यस कार्यालयमा निवेदन पेश भएको हुदाँ माग भए वमोजिमको मिझिङ-२,९ खानेपानी तथा सरसफाई उ.स. स्किम नं. ३ संशोधन गरी प्रमाण-पत्र उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) जग्गा उपयोग सिफारिस सम्बन्धमा । | घ) यस गाउँपालिका वडा नं. २ खुङ्ग्रीमा रहेको कित्ता नं. ५२१, क्षेत्रफल/व.मि. ७७१० रहेको श्री शिव पंचाइगन मन्दिरको नाममा रहेको जग्गा र यसै गाउँपालिका वडा नं. ६ स्थित कित्ता नं./खण्डे नं. ६ क्षेत्रफल/व.मि. ८६५ नेपाल सरकारको नामा दर्ता प्रमाणित श्री खड्क देवता कोटघरको नाममा रहेको जग्गामा प्राकृतिक सम्पदा झल्कने गरी सम्पदाहरुको पुन:निर्माण/निर्माण अनुमतिका लागि जिल्ला प्रशासन कार्यालयलाई लेखी पठाउनु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

मणिराम [illegible]
अध्यक्ष